श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री वासुदेव खनाल

**फैसला**

२०७९/०८० सालको निर्णय नं.३२५

पुनरावेदन नं. ०७५-RB-०१८७

पुनरावेदन दर्ता मितिः २०७५।०९।२३

मुद्दाः- **मूल्य अभिवृद्धि कर (२०६६/०६७)।**

| | |
|---|---|
| जिल्ला सुनसरी सोनापुर वडा नं.२ स्थित पशुपति आईरन एण्ड स्टिल प्रा.लि.स्थायी लेखा नं. ३०००१६१४५ को तर्फबाट अख्तियार प्राप्त ऐ.कम्पनीको संचालक अशोक कुमार मुरारका.........................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री आन्तरिक राजश्व विभाग, लाजिम्पाट,काठमाण्डौ.......................................१ | प्रत्यर्थी |
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.......................................१ | |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री जगदीश रेग्मी

शुरु कार्यालयको निर्णय मितिः-२०७०।०३।१३

**प्रशासकीय पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौं

निर्णय गर्ने अधिकारीः महानिर्देशक विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५।०५।०८

**उपस्थित कानून व्यवसायीहरुः**

पुनरावेदकको तर्फबाटः विद्वान अधिवक्ताद्वय श्री रमण कुमार कर्ण र श्री प्रेरणा उप्रेती

प्रत्यार्थी तर्फबाटः विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७०।०३।१३ मा भएको मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारणको निर्णय तथा उक्त निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।०८ मा भएको निर्णय समेत उपर चित्त नबुझाई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. करदाता पशुपति आईरन एण्ड स्टिल प्रा.लि. (स्थायी लेखा नं.३०००१६१४५) को आर्थिक वर्ष २०६६/०६७ को मू.अ.करको कर परीक्षण भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर तथा जरिवाना, थप दस्तुर र ब्याज समेत जम्मा रू. ५५,३४,१७४।- को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७०।०२।१० मा जारी भएको आदेश।

२. ठूला करदाता कार्यालयवाट मिति २०७०।०२।१० मा जारी भएको सूचना करदाताले मिति २०७०।०२।२९ मा बुझिलिई सो सम्बन्धमा करदाताले मिति २०७०।०३।११ मा जवाफ पेश गरेको।

३. प्रस्तुत करदाताले लिएको जिकिर तथा प्रमाणहरुको आधारमा उक्त प्रारम्भिक कर निर्धारण आदेशानुसार नै मूल्य अभिवृद्धि कर तथा जरिवाना समेत जम्मा रु.५५,३४,१७४।- (अक्षेरुपी पचपन्न लाख चौतिस हजार एकसय चौहत्तर मात्र) दाखिला गर्न मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७०।०३।१३ मा भएको निर्णय पर्चा।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७०।०३।१३ मा जारी गरेको आ.व. २०६६/०६७ को मूल्य अभिवृद्धि करतर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी पुनरावेदक करदाता पशुपति आईरन एण्ड स्टिल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७०।०५।३१ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

५. करदाताले उद्योग विभागको Material Consumption Norms Vol. I 2063, ले उल्लेख गरेको व्यवस्थालाई वेवास्ता गरी नियमानुसार पाउनेभन्दा बढी जर्ती दावी गरी घटी उत्पादन गरेको सो विक्रीमा मू.अ.कर ऐन, २०५२ को दफा २०(१) को खण्ड (ख),(ग) र (घ) बमोजिम, कर निर्धारण गर्ने र सोही ऐनको दफा २९(२) मा उल्लेखित कसुर गरेमा सोही बमोजिम जरिवाना समेत हुने गरी शुरु करदाता

कार्यालयबाट भएको आदेश कानून सम्मत देखिंदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी मिति २०७५।०५।०८ मा आन्तरिक राजश्व विभागबाट निर्णय भएको।

६. जर्ति कायमका सम्बन्धमा प्रत्यर्थी विभाग तथा कार्यालयले गरेको निर्णय प्रचलित कानुन, कानूनका मान्य सिद्धान्त, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र फैसलाको अन्तिमताको सिद्धान्त समेतको विपरित रहेर आदेश गरेको, उद्योग विभागबाट अन्य प्रयोजनको लागि निर्धारण गरिएको Norms लाई आधार मानी उत्पादन नै नभएको बस्तुको उत्पादन तथा बिक्रि बितरण गरेको भनी काल्पनिक आधार लिईएको, सम्मानित सर्वोच्च अदालतबाट देवानी पुनरावलोकन नं. २०६४-NF-०००२ नि.नं. ८२१४ ने.का.प. २०६६ पौष (पृष्ठ १४०९) प्रतिपादित सिद्धान्तको प्रतिकूल हुने गरी आदेश गरिएको, बास्तविक जर्तिलाई समेत कानून सम्मत नहुने गरी आयमा समावेश गरिएको समेतका कारणबाट अन्याय भएको हुँदा ठूला करदाता कार्यालयबाट मिति २०७०।०३।१३ मा भएको अन्तिम कर निर्धारण आदेश एवं सो आदेशलाई सदर गर्ने गरी मिति २०७०।०५।०८ को आन्तरिक राजश्व विभागको निर्णय समेत बदर गरी न्याय इन्साफ पाउँ भन्ने व्यहोराको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।०३।०१ मा भएको आदेश।

८. यसमा यिनै पुनरावेदक तथा प्रत्यर्थी रहेका आ.व. २०६४/०६५ देखि २०७२/०७३ सम्मका विभिन्न आर्थिक बर्षहरुका आयकर, मू.अ.कर र अन्तशुल्क समेतका सम्बन्धमा यसै न्यायाधिकरणमा पुनरावेदन परेको देखिएको तर आ.व. २०६८/०६९ र २०६९/०७० का कर निर्धारण सम्बन्धमा पुनरावेदन परे नपरेको यकिन गरी पुनरावेदन परेको भए साथै राख्नु। साथै यस न्यायाधिकरणमा कारवाहीको अवस्थामा रहेका यिनै पुनरावेदक तथा प्रत्यर्थी रहेका आ.व. २०६४/०६५ र आ.व.०६७/०६८ का आयकर, मू.अ.करका मुद्दाहरुको ठूला करदाता कार्यालय, ललितपुरमा प्रमुख कर अधिकृतको रुपमा यस न्यायाधिकरणमा राजस्व सदस्य भई कार्यरत श्री राजेन्द्र पौडेल समेतको संलग्नतामा परिक्षण भएको हुँदा उहा रहितको ईजलासमा पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/०९/०१ मा भएको आदेश।

९. पुनरावेदक करदाताको आ.व. २०६४।०६५ को पुनः संशोधित कर निर्धारण गर्न मिति २०७०।२।२७ मा खडा गरेको निर्णय पर्चाको प्रकरण २ बाट निज करदाताको मिति २०६७।५।२ मा संशोधित कर निर्धारण भएकोमा आन्तरिक राजस्व कार्यालय धरानले मिति २०६८।३।६ मा अन्तशुल्क निर्धारण गरी आयकरतर्फ संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि प्रतिवेदन प्राप्त भएकोले पुनः संशोधित कर निर्धारण गर्नु परेको भन्ने समेत बेहोरा उल्लेख भएकोमा मिसिल संलग्न राजस्व न्यायाधिकरण विराटनगरबाट पुनरावेदन नं.९६।०६८ । ००१६०, ००१६१ र ००१६२ मा मिति

२०६९।१०।१९ मा भएको फैसलाको छाँयाप्रतिबाट उल्लेखित आन्तरिक राजस्व कार्यालय धरानको मिति २०६८।३।६ को र सो उपरको प्रशासकीय पुनरावलोकनको निवेदनमा आन्तरिक राजस्व विभागबाट मिति २०६८।९।१४ का निर्णयहरु समेत उल्टी हुने ठहरेको भन्ने देखिँदा यी करदाताका हकमा आ.व.२०६४।०६५, ०६५।०६६ र ०६६।०६७ मा आन्तरिक राजस्व कार्यालय धरानबाट भएका अन्तशुल्क निर्धारणका निर्णयहरु तथा सो उपर परेका प्रशासकीय पुनरावलोकनका निवेदनमा भएका निर्णय सहितको सक्कलै मिसिल सम्बन्धित कार्यालय/विभागवाट र यिनै मुद्दामा राजस्व न्यायाधिकरण विराटनगरबाट माथि उल्लेखित मुद्दामा मिति २०६९।१०।१९ मा भएका फैसलाहरु सहितका छिनुवा मिसिल राजस्व न्यायाधिकरण विराटनगरबाट मगाई साथै राख्नु पेश गर्नु। आन्तरिक राजस्व विभागको मिति २०७४।४।२९ को निर्णयमा उल्लेखित उद्योग विभागबाट प्रकाशित Material Consumption Norms, Vol. I, BS. 2063 को प्रमाणित प्रतिलिपी विशेष सरकारी वकील कार्यालय मार्फत सम्बन्धित निकायबाट मगाई साथै राख्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/०१/०८ मा भएको आदेश।

१०. प्रस्तुत मुद्दा र लगाउमा पेश भएका मुद्दा समेत चार वर्ष पुरानो रहेको र करदाताको तर्फबाट अन्य कानून व्यवसायीहरु समेत मुकरर भएको देखिँदा अर्को पेशीमा सुनुवाईको सुनिश्चितताको लागि सवै मुद्दामा पुनरावेदक र प्रत्यर्थी दुवै पक्षबाट १५ दिन भित्र लिखित वहसनोट पेश गर्न वारिस मार्फत सूचना दिई नियमानुसार पेश गर्नु भन्ने व्यहोराको मिति २०७९।११।२८ गतेको यस न्यायाधिकरणबाट भएको आदेश

११. यसमा यस न्यायाधिकरणको मिति २०७९।११।२८ को आदेशानुसार पुनरावेदकको तर्फबाट विद्वान अधिवक्ता प्रेरणा उप्रेतीले मिति २०७९।१२।१२ मा र प्रत्यर्थीका तर्फबाट विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकरले मिति २०८०।१।३ का दिन लिखित बहसनोट पेश भएको।

## ठहर खण्ड

१२. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमण कुमार कर्णले उद्योग विभागबाट अन्य प्रयोजनको लागि निर्धारण गरिएको Norms लाई आधार मानी उत्पादन नै नभएको बस्तुको उत्पादन तथा बिक्री बितरण गरेको भनी काल्पनिक आधार लिईएको, छड उत्पादनका हकमा के कति प्रतिशत जर्ती (Unseen Loss) हुने भन्ने कुरा कानूनी रुपमा प्रष्ट नभएको, उद्योग विभागले Material Consumption Norms BS 2063 सार्वजनिक रुपमा प्रकाशन गरेको भनिए तापनि करदातालाई आधिकारिक रूपमा जानकारी नभएको अवस्थामा कर निर्धारणको क्रममा ठूला करदाता कार्यालय, ललितपुरबाट उद्योगले वास्तविक उत्पादनभन्दा घटी उत्पादन देखाएको भन्ने काल्पनिक आधार लिएको छ। मनोगत आधारमा हाम्रो कर विवरण अधुरो तथा त्रुटीपूर्ण भनी

अन्तिम कर निर्धारण गरेको शुरु निर्णय त्रुटिपूर्ण रहेकोले सो बदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१३. प्रत्यर्थी ठूला करदाता कार्यालय, ललितपुरसमेतको तर्फवाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले करदाताले जर्ती बढी कायम गरेको कारण आयमा कम देखिएको, पुरानो नर्म्सको आधारमा कट्टी गरेको कारण बढी देखिएको भन्ने दावी लिएको तर सो लाई पुष्टि गर्ने प्रमाणित कागजात पेश गर्न नसकेको, पुरानो norms भन्ने तथ्य करदाता स्वयंले स्वीकार गरेको हुँदा सो वापत मूल्य अभिवृद्धि कर थप गर्ने समेतको शुरु कार्यालयबाट भएको अन्तिम कर निर्धारणको आदेश कानूनसम्मत नै रहेकोले सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१४. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत लिखित बहस नोट एवं बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालयबाट करदाताको हकमा आ.ब. २०६६/०६७ को अन्तिम कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. निर्णय तर्फ विचार गर्दा, करदाताले पुनरावेदन पत्रमा मुलतः मौज्दातको परीक्षण नगरी Non Filer रहेको भनी विभिन्न करदाताबाट खरिद गरेको रु.३८,६८,६६५।- को झुठ्ठा तथा नक्कली वीजकको अवास्तविक खरिद देखाई रु.५,०२,९२६।- मूल्य अभिबृद्धि कर कट्टी दावी लिएको हुँदा सो रकम मूल्य अभिबृद्धि कर निर्धारण गरी शतप्रतिशत जरिवाना गर्ने र २०६७ आषाढमा ३,७३,९०३ के.जी फलामे डण्डी घटी उत्पादन गरेको भनी सोको मूल्य रु.१,७४,१६,६२२।- मा कानून बमोजिम मूल्य अभिबृद्धि कर, जरिवाना, थप दस्तुर र ब्याज समेत असुल गर्ने गरी ठूला करदाता कार्यालयबाट मिति २०७०/०३/१३ मा भएको अन्तिम कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०५/०८ मा भएको निर्णय समेत त्रुटीपूर्ण हुँदा बदर हुन पर्ने भन्ने जिकिर लिएको देखिन्छ। यी प्रश्न समेत समावेश रहेको आ.ब. २०६६/०६७ को संशोधित कर निर्धारण आदेश उपर यिनै करदाताले दायर गरेको लगाउको ०७५-RB-०१८६ को आयकर मुद्दामा आज यसै इजलासबाट विस्तृत विवेचना भई शुरु संशोधित कर निर्धारण आदेश समेत सदर हुने ठहरी फैसला भइसकेको अवस्था छ। तसर्थ सोही मुद्दामा विवेचना गरिएको आधार र प्रमाणबाट नक्कली विल वीजकको आधारमा खरिद देखाई मूल्य अभिबृद्धि कर कट्टी दावी गरेको रु.५,०२,९२६।- र न्यून उत्पादन देखाएको रु.१,७४,१६,६२२।- मा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) बमोजिम कर निर्धारण गरेको शुरु ठूला करदाता कार्यालय ललितपुरको मिति २०७०/०३/१३ को निर्णय र सोही

निर्णय सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०७५/०५/०८ को निर्णय समेत मनासिव देखिँदा अन्यथा गर्नु परेन।

१६. तसर्थ, उल्लिखित आधार र कारणबाट करदाता पशुपति आइरन एण्ड स्टिल प्रा.लि. (स्थायी लेखा नं.३०००१६१४५) को ठूला करदाता कार्यालय ललितपुरबाट आ.व. २०६६।०६७ को मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण गरी मिति २०७०।०३।१३ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।०८ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

(टेकप्रसाद ढुङ्गाना)
अध्यक्ष

उक्त रायमा मेरो सहमति छ।

(बासुदेव खनाल)
लेखा सदस्य

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः- श्री खेमकुमारी बस्नेत
कम्प्युटर टाइपः- श्री अशोक विश्वकर्मा
इति सम्वत २०८० साल बैशाख महिना ३ गते रोज १ शुभम्.......................।
प्रमाणिकरण गर्ने सदस्यः-
फैसला प्रमाणित मितिः- राजस्व न्यायाधिकरण काठमाडौंको छाप